# मध्यपश्चिम विश्वविद्यालय

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

मध्यपश्चिम विश्वविद्यालय ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्सेस अन्तर्गत एम.फिल. लिडिङ टु पि.एच.डी. (MPhil Leading to PhD) कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि २०८१

स्वीकृत मिति : २०८१-१२-२२

## प्रस्तावना

गुणस्तरीय र सर्वशुलभ उच्च शिक्षाको पहुँचमा योगदान दिने उद्देश्यले स्थापित यस मध्यपश्चिम विश्वविद्यालयलाई वैज्ञानिक प्रणालीमा आधारित विशिष्ट स्तरको अध्ययन अनुसन्धानको माध्यमद्वारा विश्वव्यापी रुपमा परिचित गराउन, यसको विस्तार गर्न र सञ्चालित शैक्षिक कार्यक्रमहरूको गुणस्तर अभिवृद्धि गर्नका लागि विश्वविद्यालय स्तरीय अध्ययन अनुसन्धान तथा शोध कार्य प्रमुख आधार भएको हुनाले, मध्यपश्चिम विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनिक नियमाली २०६९ को नियम २१४ बमोजिम मध्यपश्चिम विश्वविद्यालय ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्सेस अन्तर्गत विभिन्न विषयहरूमा सञ्चालन हुने एम.फिल. लिडिङ टु पि.एच.डी. (MPhil Leading to PhD) शैक्षिक कार्यक्रमको संचालनार्थ यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१. यस कार्यविधिको नाम मध्यपश्चिम विश्वविद्यालय ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्सेस अन्तर्गत विभिन्न विषयहरूमा सञ्चालन हुने एम.फिल. लिडिङ टु पि.एच.डी. (MPhil Leading to PhD) कार्यक्रम सञ्चालन कार्यविधि-२०८१, रहनेछ ।

१.२. यो कार्यविधि मध्यपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्बाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

## परिच्छेद - २

## परिभाषा

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा --

२.१. 'विश्वविद्यालय' भन्नाले 'मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७' को दफा ३ बमोजिम स्थापना भएको 'मध्यपश्चिम विश्वविद्यालय' सम्झनु पर्दछ ।

२.२. 'ऐन' भन्नाले 'मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७' सम्झनु पर्दछ ।

२.३. 'कार्यकारी परिषद्' भन्नाले 'मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७' को दफा १२ मा उल्लेखित कार्यकारी परिषद्लाई सम्झनु पर्दछ ।

२.४. 'प्राज्ञिक परिषद्' भन्नाले 'मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७' को दफा १० बमोजिम गठित प्राज्ञिक परिषद्लाई सम्झनु पर्दछ ।

२.५. 'एमफिल लिडिङ टु पिएचडी परिषद्' भन्नाले मध्यपश्चिम विश्वविद्यालय ग्र्याजुएट ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्सेस अन्तर्गत सञ्चालित एमफिल लिडिङ टु पिएचडी कार्यक्रमको सञ्चालनार्थ आवश्यक नियमन, निर्देशन, अनुगमन र उपाधि प्रदान गर्न गठित परिषद्लाई सम्झनु पर्दछ ।

२.६. 'एमफिल लिडिङ टु पिएचडी अनुसन्धान समिति' भन्नाले एमफिल लिडिङ टु पिएचडी कार्यक्रमको आवश्यक व्यवस्थापन, कार्यायोजना तथा संसाधन विकास निर्माण, कार्यक्रम सञ्चालन र उपाधि प्रदान गर्नका लागि सिफारिस गर्न विश्वविद्यालयको ग्र्याजुएट स्कुलका डीनको अध्यक्षतामा गठित समितिलाई सम्झनु पर्दछ ।

२.७. 'विद्यापरिषद्' भन्नाले 'मध्यपश्चिम विश्वविद्यालय संगठन तथा शैक्षिक-प्रशासनिक नियमावली २०६९' अन्तर्गत गठित ग्र्याजुएटको विद्यापरिषद्लाई सम्झनु पर्दछ ।

२.८. 'कार्यविधि' भन्नाले 'मध्यपश्चिम विश्वविद्यालय ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्सेस अन्तर्गत विभिन्न विषयहरूमा सञ्चालन हुने एम.फिल. लिडिङ टु पि.एच.डी. (MPhil Leading to PhD) कार्यक्रम सञ्चालन कार्यविधि २०८१' लाई सम्झनु पर्दछ ।

२.९. 'उपकुलपति' भन्नाले मध्यपश्चिम विश्वविद्यालयको उपकुलपति सम्झनु पर्दछ ।

२.१०. 'रजिष्ट्रार' भन्नाले मध्यपश्चिम विश्वविद्यालयको रजिष्ट्रार सम्झनु पर्दछ ।

२.११. 'ग्र्याजुएट स्कुल' भन्नाले मध्यपश्चिम विश्वविद्यालय ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्सेसलाई सम्झनु पर्दछ ।

२.१२. 'डीन' भन्नाले मध्यपश्चिम विश्वविद्यालय ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्सेसका डीनलाई सम्झनु पर्दछ ।

२.१३. 'कार्यक्रम निर्देशक' भन्नाले एमफिल लिडिङ टु पिएचडी कार्यक्रमका प्रमुखलाई सम्झनु पर्दछ ।

२.१४. 'शैक्षिक संस्था' भन्नाले विश्वविद्यालयका विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न स्थापित विश्वविद्यालयका विभिन्न ग्र्याजुएट स्कुलहरूका केन्द्रीय विभाग वा आंगिक क्याम्पस वा सम्बन्धनप्राप्त क्याम्पस वा स्वायत्त संस्था वा एमफिल लिडिङ टु पिएचडी कार्यक्रमलाई सम्झनु पर्दछ ।

२.१५. 'एमफिल लिडिङ टु पिएचडी कार्यक्रम' भन्नाले मध्यपश्चिम विश्वविद्यालयका ग्र्याजुएट स्कुल अन्तर्गत सञ्चालित एमफिल लिडिङ टु पिएचडी कार्यक्रम सम्बन्धी अध्ययन अनुसन्धान गराउने शैक्षिक संस्थालाई सम्झनु पर्दछ ।

२.१६. 'क्याम्पस प्रमुख' भन्नाले विश्वविद्यालयका ग्र्याजुएट स्कुलका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न स्थापित विश्वविद्यालयका ग्र्याजुएट स्कुलका आंगिक क्याम्पस वा सम्बन्धनप्राप्त क्याम्पस वा स्वायत्त संस्थाका प्रमुखलाई सम्झनु पर्दछ ।

२.१७. 'विभागीय प्रमुख' भन्नाले विश्वविद्यालयका विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न स्थापित विश्वविद्यालयका विभिन्न ग्र्याजुएट स्कुलहरूका केन्द्रीय विभागका विभागीय प्रमुखहरूलाई सम्झनु पर्दछ ।

२.१८. 'सुपरिवेक्षक' भन्नाले शोधार्थीलाई सल्लाह, सुझाव वा निर्देशन दिनको लागि नियुक्त भएका प्राध्यापकलाई सम्झनु पर्दछ ।

२.१९. 'सह-सुपरिवेक्षक' भन्नाले सुपरिवेक्षकको मातहतमा रही शोधार्थीलाई थप सल्लाह, सुझाव वा निर्देशन दिनको लागि नियुक्त भएका प्राध्यापक वा विशेषज्ञलाई सम्झनु पर्दछ ।

२.२०. 'विद्यार्थी' वा 'शोधार्थी' वा 'अनुसन्धानकर्ता' वा 'सहभागी' भन्नाले यस कार्यविधि अनुसार योग्य भई विभिन्न कार्यक्रममा विद्यार्थीको रुपमा नाम दर्ता भएका व्यक्तिलाई सम्झनु पर्दछ ।

२.२०. 'शोधपत्र' भन्नाले सहभागी शोधार्थी वा विद्यार्थीले शैक्षिक कार्यक्रमको तोकिएको समयावधिमा तयार पारेको अनुसन्धानमा आधारित शोधपत्र वा प्रतिवेदनलाई सम्झनु पर्दछ ।

२.२१. 'परियोजना कार्य' भन्नाले सहभागी शोधार्थी वा विद्यार्थीले शैक्षिक कार्यक्रमको तोकिएको समयावधिमा तयार पारेको परियोजना कार्यपत्रलाई सम्झनु पर्दछ ।

२.२२. 'प्राध्यापक' भन्नाले मध्यपश्चिम विश्वविद्यालयको ऐन, नियमावलीमा उल्लेखित शिक्षकलाई सम्झनु पर्दछ ।

## परिच्छेद - ३

## एमफिल लिडिङ टु पिएचडी परिषद् तथा अनुसन्धान समिति सम्बन्धी व्यवस्था

३.१. एमफिल लिडिङ टु पिएचडी (MPhil Leading to PhD) कार्यक्रम सञ्चालनका लागि तपसिल वमोजिमका परिषद् तथा समिति गठन गरिनेछ ।

३.२. एमफिल लिडिङ टु पिएचडी परिषद्

(क) उपकुलपति -अध्यक्ष

(ख) रजिस्ट्रार- सदस्य

(ग) परीक्षा व्यवस्थापन कार्यालय प्रमुख - सदस्य

(घ) कार्यक्रम निर्देशक- सदस्य

(ङ) सबै केन्द्रीय विभागका विभागीय प्रमूखहरू - सदस्य

(च) ग्र्याजुएट स्कुलका डीन - सदस्य सचिव

३.२.१. एमफिल लिडिङ टु पिएचडी परिषद्को काम, कर्तव्य र अधिकार तपसिल वमोजिम हुनेछ ।

(क) एमफिल लिडिङ टु पिएचडी कार्यक्रमको सञ्चालनार्थ आवश्यक नीति नियम, संशोधन र योजना तथा कार्यक्रमहरू निर्माण गरी स्वीकृतिका लागि परिषद्मा सिफारिस गर्ने ।

(ख) ग्र्याजुएट स्कुलमा एमफिल लिडिङ टु पिएचडीका उपाधि हासिल गर्न योग्य उमेदवारहरूलाई ग्र्याजुएट स्कुलको अनुसन्धान समितिबाट सिफारिस भएका उपाधिहरू स्वीकृतिका लागि प्राज्ञिक परिषद्मा सिफारिस गर्ने ।

(ग) ग्र्याजुएट स्कुलको अनुसन्धान समितिको नियमित अनुगमन तथा कार्य सम्पादन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

(घ) ग्र्याजुएट स्कुल अन्तर्गत गठित अनुसन्धान समितिको नियमित कार्य सम्पादन गर्न आवश्यक उप-समितिहरू गठन गरी कार्य सञ्चालन गर्न कार्यादेश दिने ।

(ङ) एमफिल लिडिङ टु पिएचडी कार्यक्रममा सहभागी शोधार्थीहरूको शोधकार्य सुपरिवेक्षक र सह-सुपरिवेक्षक आदिको योग्यता तथा पारिश्रमिक स्वीकृतिका लागि कार्यकारी परिषद्मा सिफारिस गर्ने ।

३.३. एमफिल लिडिङ टु पिएचडी अनुसन्धान समिति

(क) ग्र्याजुएट स्कुलका डीन - अध्यक्ष

(ख) विद्यावारिधि उपाधि प्राप्त प्राध्यापक, सह-प्राध्यापक वा उप-प्राध्यापक मध्येबाट डीनको सिफारिसमा एमफिल लिडिङ टु पिएचडी परिषद्बाट नियुक्त प्राध्यापकहरू तीन जना - सदस्य

(ग) कार्यक्रम निर्देशक - सदस्य सचिव

३.३.१. एमफिल लिडिङ टु पिएचडी अनुसन्धान समितिको काम, कर्तव्य र अधिकार तपसिल वमोजिम हुनेछ ।

(क) एमफिल लिडिङ टु पिएचडी कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने ।

(ख) एमफिल लिडिङ टु पिएचडी कार्यक्रमको पाठ्यक्रम, मूल्याङ्कनका आधार तथा पद्धतिहरू, परीक्षा र उपाधि प्रदान गर्ने नीति नियमहरू तयार गरी स्वीकृतिका लागि प्राज्ञिक परिषद्मा पेश गर्ने ।

(ग) एमफिल लिडिङ टु पिएचडी कार्यक्रममा शोधार्थीका रुपमा सहभागी हुनका लागि आवश्यक  छनौटका आधार तथा प्रक्रिया निर्धारण गर्ने र स्वीकृतिका लागि प्राज्ञिक परिषद्मा पेश गर्ने ।

(घ) शोधार्थीले पेश गरेका प्रस्ताव नियमानुसार मूल्याङ्कन गरी स्वीकृत गर्ने ।

(ङ) एमफिल लिडिङ टु पिएचडी कार्यक्रममा सहभागी शोधार्थीहरूको शोधकार्य सुपरिवेक्षक र सह-सुपरिवेक्षकहरूको आवश्यक सूची वा रोष्टर तयार गरी अद्यावधिक राख्ने ।

(च) एमफिल लिडिङ टु पिएचडी कार्यक्रमका शोधार्थीहरूको शोधकार्य सुपरिवेक्षक र सह-सुपरिवेक्षकको नियुक्त गर्न र कार्यसम्पादन अनुसारको नियमानुसार पारिश्रमिक भुक्तानी गर्न कार्यकारी परिषद्मा सिफारिस गर्ने ।

(छ) सुपरिवेक्षकको सिफारिस सहित शोधार्थीद्धारा प्रस्तुत गरेका शोधपत्रको मूल्याङ्कन सम्बन्धी कार्य गर्ने ।

(ज) एमफिल लिडिङ टु पिएचडी कार्यक्रमलाई गुणस्तरीय रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार विभिन्न उप-समितिहरू गठन गर्ने ।

(झ) कार्यक्रमको सञ्चालन र ब्यवस्थापनको सम्पूर्ण आम्दानी र खर्चको योजना सहित सो का आधारहरू तयार गरी एमफिल लिडिङ टु पिएचडी परिषद्मा पेश गर्ने र स्वीकृतिका लागि कार्यकारी परिषद्मा पेश गर्ने ।

(ञ) एमफिल लिडिङ टु पिएचडी कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गर्न विश्वविद्यालयका विभिन्न ग्याजुएट स्कुलहरू अन्तर्गत सञ्चालित दर्शनाचार्य, विद्यावारिधि र महाविद्यावारिधि अध्ययन केन्द्रहरू विच आन्तरिक र बाह्य समन्वय गर्ने ।

(ट) एमफिल लिडिङ टु पिएचडी कार्यक्रमको प्रवेश परीक्षा अनुसन्धान समितिले स्वीकृत गरेको प्रक्रिया बमोजिम हुनेछ ।

(ठ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

३.३. एमफिल लिडिङ टु पिएचडी कार्यक्रमका निर्देशकको योग्यता, काम, कर्तव्य र अधिकार तपसिल वमोजिम हुनेछ ।

(क) कार्यक्रम निर्देशक विद्यावारिधि प्राप्त, स्थायी उप-प्राध्यापक वा सो भन्दा माथिको पदमा कार्यरत हुनु पर्नेछ ।

(ख) अनुसन्धान समितिको निर्देशनमा रही एमफिल लिडिङ टु पिएचडी कार्यक्रमको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने मानव संसाधन र अन्य स्रोत साधनको व्यवस्था गर्ने ।

(ग) सम्बन्धित कार्यक्रमको वार्षिक योजना, बजेट तथा आम्दानीका स्रोत र खर्चहरूको आँकलन सहितको कार्यायोजना तर्जुमा गरी स्वीकृतिका लागि अनुसन्धान समितिमा पेश गर्ने ।

(घ) सम्बन्धित कार्यक्रमको पूर्वाधार निर्माण, सञ्चालन र विकासका लागि नेपाल सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ संस्था, निकाय वा व्यक्तिसंग शैक्षिक, वित्तिय, भौतिक, प्राविधिक र अन्य सहयोग जुटाउन कार्य गर्ने ।

(ङ) कार्यक्रममा भर्ना भएका शोधार्थीहरूको अद्यावधिक अभिलेख राख्ने ।

(च) शोधार्थीहरूलाई आवश्यक कक्षा सञ्चालन, परीक्षा व्यवस्थापन तथा अन्य आवश्यक विषयवस्तुहरू सम्बन्धी जानकारी गराउने ।

(छ) शोधार्थीद्वारा सुपरिवेक्षकको सिफारिस सहित पेस गरेको 'प्रगति विवरण' को अभिलेख राख्ने ।

(ज) अनुसन्धान समितिमा छलफल गर्नु पर्ने प्रस्तावहरू तयार गर्ने ।

(झ) सम्बन्धित कार्यक्रम सम्बन्धी अनुसन्धानको गुणस्तर अभिवृद्धि गराउनका लागि आवश्यक काम गर्ने ।

(ञ) सम्बन्धित कार्यक्रम अन्तर्गत विभिन्न प्रशिक्षण, तालिम, अनुसन्धान, कार्यशाला, गोष्ठी र अनुसन्धान परामर्श सेवा आदि तर्जुमा गरी अनुसन्धान समितिको स्वीकृति लिइ सञ्चालन गर्ने ।

(ट) एमफिल लिडिङ टु पिएचडी कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गर्न विश्वविद्यालयका विभिन्न ग्र्याजुएट स्कुलहरू, निर्देशनालयहरू र ग्र्याजुएट स्कुलगत अध्ययन केन्द्रहरू विच समन्वय गर्ने ।

(ठ) सम्बन्धित कार्यक्रमको अनुसन्धानमूलक लेख, रचना र पुस्तकहरू प्रकाशित गर्ने ।

(ड) यस कार्यविधिको अनुसूची - २ मा उल्लेख भए बमोजिम सम्बन्धित अध्ययन केन्द्रबाट एमफिल लिडिङ टु पिएचडी शोधकार्य सम्पन्न गरिसकेका शोधार्थीका लागि आवश्यक प्रमाणपत्रहरू तयार गर्न परीक्षा व्यवस्थापन कार्यालयसंग आवश्यक सहकार्य गर्ने ।

(ढ) अनुसन्धान समितिको कार्यालय, प्रशासन, लेखा लगायतका सम्पूर्ण कार्य डीन कार्यालयबाट हुनेछ ।

(ण) अनुसन्धान परिषद् र अनुसन्धान समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद - ४

## एमफिल लिडिङ टु पिएचडी (MPhil Leading to PhD) कार्यक्रम सम्बन्धी व्यवस्था

### ४.१. एमफिल लिडिङ टु पिएचडी (MPhil Leading to PhD) कार्यक्रममा शोधार्थी छनौट प्रक्रिया

४.१.१. ग्र्याजुएट स्कुलले वर्षमा एकपटक सार्वजनिक सूचना प्रकाशित गरी एमफिल लिडिङ टु पिएचडी कार्यक्रममा भर्ना हुन इच्छुक व्यक्तिहरूसँग आवेदन आह्वान गर्नेछ। आवेदकले नियम ४.१.२. वमोजिम सर्त पूरा गरेको हुनु पर्नेछ। आवेदन फारामको साथमा अनुसूची १ अनुसारका कागजातका प्रतिलिपिहरू संलग्न गर्नु पर्नेछ।

४.१.२. ग्र्याजुएट स्कुल अन्तर्गत सञ्चालित हुने एमफिल लिडिङ टु पिएचडी (MPhil Leading to PhD) कार्यक्रममा भर्ना खुल्ला हुने विषय तथा कोटा सम्वन्धी व्यवस्थाहरू:

(क) मध्यपश्चिम विश्वविद्यालय, प्राज्ञिक परिषद्बाट स्वीकृत भएका विषयहरूमा मात्र एमफिल लिडिङ टु पिएचडी (MPhil Leading to PhD) कार्यक्रममा भर्ना खुल्ला गरिनेछ।

(ख) एमफिल लिडिङ टु पिएचडी (MPhil Leading to PhD) कार्यक्रममा भर्नाका लागि कोटा निर्धारण प्राज्ञिक परिषद्बाट स्वीकृत भए बमोजिम हुनेछ।

४.१.३. न्यूनतम आवश्यक शैक्षिक योग्यता र कार्य अनुभव :

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयको स्नातकोत्तर तहमा विशिष्ट श्रेणीको प्राप्ताङ्क (प्रतिशत प्रणालीमा भए कम्तिमा ८०% र GPA प्रणालीमा भए कम्तिमा ३.७०/४.००) का लागि कार्य अनुभव आवश्यक नपर्ने।

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयको स्नातकोत्तर तहमा प्रथम श्रेणीको प्राप्ताङ्क (प्रतिशत प्रणालीमा भए कम्तिमा ६०% र GPA प्रणालीमा भए कम्तिमा ३.३०/४.००) का लागि स्नातकोत्तर तहको अध्ययन पश्चात कम्तिमा १ वर्षको कार्य अनुभव।

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयको स्नातकोत्तर तहमा द्वितीय श्रेणीको प्राप्ताङ्क (प्रतिशत प्रणालीमा भए कम्तिमा ५०% र GPA प्रणालीमा भए कम्तिमा २.५०/४.००) का लागि स्नातकोत्तर तहको अध्ययन पश्चात कम्तिमा २ वर्षको कार्य अनुभव।

४.१.४. एमफिल लिडिङ टु पिएचडी कार्यक्रममा भर्नाका लागि उम्मेदवार छनौटका आधारहरू :

| सि. नं. | छनौटका आधारहरू | अधिकतम अंक भार | कैफियत | | | |
|---|---|---|---|---|---|---|
| | | | श्रेणी* | प्रमाण पत्र तह वा सो सरह | स्नातक | स्नातकोत्तर |
| १. | शैक्षिक योग्यताका प्रमाण पत्रहरू | २० | विशिष्ट | ४ | ६ | १० |
| | | | प्रथम | ३ | ५ | ८ |
| | | | द्वितीय | २ | ४ | ७ |
| | | | तृतिय | १ | २ | |
| २. | अनुसन्धान कार्यानुभव वा अनुन्धानमूलक लेख रचना | १५ | (क) अनुसन्धानमुलक स्तरीय जर्नलमा प्रकाशित बढीमा ४ वटा लेख रचनाः ४×२.५ =१० अंक<br>(ख) अनुसन्धानमूलक कार्यानुभव : २×२.५ =५ अंक (बढिमा २ वटा अनुसन्धान परियोजनाको कार्यानुभव) | | | |
| ३. | लिखित प्रवेश परीक्षा | ५० | सम्बन्धित ग्राजुएट स्कुलको अध्ययन केन्द्रले सञ्चालन गरेको ५० पूर्णाङ्कको प्रति प्रश्न एक अंकका दरले हुने बहुबैकल्पिक प्रश्नहरू समेटिएको प्रवेश परीक्षामा कम्तिमा ५०% अंक प्राप्त गर्ने लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारहरूलाई मात्र अन्तरवार्तामा सहभागी गराइनेछ । | | | |
| ४. | अन्तरवार्ता | १५ | (क) व्यक्तित्व (Personality disposition) : ४ अंक<br>(ख) पेशागत दुरदृष्टि (Professional vision) : ३ अंक<br>(ग) अनुसन्धानमूलक प्रवृत्ति (Research aptitude) : ३ अंक<br>(घ) शैक्षिक प्रतिबद्धता (Academic commitment) : ५ अंक | | | |
| **जम्मा अंकभार** | | **१००** | समग्रमा कम्तिमा ५५% अंक ल्याउने उम्मेदवारहरू मध्येबाट माथिल्लो अंकको घट्दो योग्यताक्रम अनुसार निर्धारित सिट संख्या भित्र पर्न सफल उम्मेदवारहरूको भर्नाको लागि नामावली प्रकाशित गरिने छ । | | | |

*द्रष्टव्य

*(क) विशिष्ट श्रेणी भन्नाले प्रतिशत प्रणालीमा ८०% वा सो भन्दा माथि र GPA प्रणालीमा ४.०० को Grading Band ३.७० वा सो भन्दा माथिको प्राप्ताङ्क सम्झनु पर्दछ ।*

*(ख) प्रथम श्रेणी भन्नाले प्रतिशत प्रणालीमा ६०% वा सो भन्दा माथि र GPA प्रणालीमा ४.०० को Grading Band ३.५० वा सो भन्दा माथिको प्राप्ताङ्क सम्झनु पर्दछ ।*

*(ग) द्वितीय श्रेणी भन्नाले प्रतिशत प्रणालीमा ४५% वा सो भन्दा माथि र GPA प्रणालीमा ४.०० को Grading Band २.५० वा सो भन्दा माथिको प्राप्ताङ्क सम्झनु पर्दछ ।*

*(घ) तृतीय श्रेणी भन्नाले सम्बन्धित तहमा न्यूनतम उत्तीर्ण श्रेणीलाई सम्झनु पर्दछ ।*

*(ङ) यस कार्यक्रममा भर्नाका लागि कम्तिमा पनि १ वटा शोधमूलक लेख रचनाहरू Research based Journals मा प्रकाशित गरिसकेको प्रमाण सहित पेश गर्नु पर्नेछ*

४.१.५ एमफिल लिडिङ टु पिएचडी कार्यक्रमको लिखित परीक्षाको पाठ्यक्रम यसै कार्यविधिको अनुसुची ५ अनुसार हुनेछ ।

## ४.२. एम.फिल.लिडिङ टु पि.एच.डी. (MPhil Leading to PhD) कार्यक्रमको समयावधि र पाठ्यभार

४.२.१. मध्यपश्चिम विश्वविद्यालयका विभिन्न ग्र्याजुएट स्कुल स्थित एम.फिल.लिडिङ टु पि.एच.डी. (MPhil Leading to PhD) कार्यक्रमबाट सञ्चालित दर्शनाचार्य (MPhil) कार्यक्रमको समयावधि पूर्णकालीन रुपमा १८ महिना (१.५वर्ष) को हुनेछ भने एम.फिल.लिडिङ टु पि.एच.डी. (MPhil Leading to PhD) कार्यक्रम ३६ महिना (तीन वर्ष) को हुनेछ ।

४.२.२. सबै विषयहरूमा सञ्चालित दर्शनाचार्य कार्यक्रमको कुल पाठ्यभार ३३ क्रेडिटको हुनेछ । जसमध्ये २४ क्रेडिटको Course Work हुनेछ भने शोधपत्रको पाठ्यभार ९ क्रेडिट बराबर हुनेछ ।

४.२.३. एमफिल लिडिङ टु पिएचडी कार्यक्रममा भर्ना भएको मितिले १ वर्ष भित्र Course Work सकिसक्नु पर्ने छ भने शोधपत्रको लागि अन्तिम ६ महिना भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

४.२.४. दर्शनाचार्य मात्र अध्ययन गर्न चाहने विद्यार्थीको लागि शोधकार्यको प्रस्ताव स्वीकृत भएको अवधिदेखि अनुसन्धानको अवधि ६ महिनाको हुनेछ तर सुपरिवेक्षकको सिफारिसमा अनुसन्धान समितिले थप ६ महिना समयावधि बढाउन सक्नेछ । सो अवधिको लागि थप शुल्क लाग्ने छैन । यसरी थप भएको समय सहित कार्यक्रममा दर्ता भएको मितिदेखि वढीमा २ वर्षभित्र शोधकार्य सम्पन्न भैसकेको हुनु पर्नेछ ।

४.२.५. माथि उल्लिखित ४.२.४ अनुसार २ वर्षभित्र शोधकार्य पुरा नगरेमा स्वतः दर्ता खारेज हुनेछ । त्यसपछि पनि शोधकार्य जारीराख्न चाहेमा पुनः दर्ताको प्रक्रिया अवलम्बन गरी निर्धारित अतिरिक्त शुल्क (रु.पच्चीस हजार) सहित ६ महिनाका लागि शोधकार्य सम्पन्न गर्न थप समय उपलब्ध गराइनेछ । यसरी वढीमा २ पटक मात्र समय थप गर्न मिल्नेछ र प्रत्येक पटक अतिरिक्त शुल्क लाग्नेछ । यसरी दर्शनाचार्य कार्यक्रममा दर्ता भएको २ वर्ष पछि ६/६ महिनाका दरले १ वर्ष समय थप गर्दा ग्र्याजुएट स्कुलको अनुसन्धान समितिको सिफारिसमा एमफिल लिडिङ टु पिएचडी परिषद् हुँदै प्राज्ञिक परिषद्बाट निर्णय गर्नु पर्नेछ । यस प्रक्रिया अन्तर्गत Course Work भने पुनः गर्नुपर्ने छैन ।

४.२.६. दर्शनाचार्य शोधकार्यको बचाउ (Defense) र स्वीकृति पश्चात मात्र सम्बन्धित विषयमा दर्शनाचार्य कार्यक्रम पूरा गरेको उपाधिको प्रमाणपत्र दिइनेछ ।

४.२.७. कुनै शोधार्थीले एमफिल लिडिङ टु पिएचडी अर्न्तगत भर्ना भै कोर्ष वर्क (Course Work) पूरा गरी पिएचडी मा भर्ना भएको तर पिएचडी कार्य गर्न असमर्थता जनाई पिएचडी कार्यक्रमको भर्ना रद्ध गरी एमफिल उपाधी मात्र लिन चाहेमा सुरु भर्नाको दुई वर्ष भित्र एमफिलको शोधकार्य शुल्क तिरी एमफिल शोध कार्य सम्पन्न गर्न सक्नेछ ।

### ४.३. एमफिल लिडिङ टु पिएचडी कार्यक्रममा सहभागीको विदा सम्बन्धी व्यवस्था

४.३.१. मध्यपश्चिम विश्वविद्यालयका वीरेन्द्रनगर उपत्कायका भन्दा बाहिर अवस्थित आंगिक क्याम्पसमा कार्यरत सम्पूर्ण स्थायी प्राध्यापक/कर्मचारीहरूमध्येबाट एमफिल लिडिङ टु पिएचडी कार्यक्रमको प्रवेश परीक्षामा सबैभन्दा बढी अंक प्राप्त गर्ने एक जनाले सो शैक्षिक वर्षका लागि एक वर्षको अध्ययन विदा पाउनेछन् ।

४.३.२. पिएचडी कार्यक्रमको प्रवेश परीक्षामा सहभागी भै उत्तीर्ण भएका उम्मेदवारहरू मध्ये पिएचडी कार्यक्रमको प्रवेश परीक्षाको नतिजा अनुसार उत्कृष्ट अंक प्राप्त गर्ने उम्मेद्वार मध्ये प्रति क्याम्पस/केन्द्रीय विभागबाट बढीमा १ जनालाई १ पटकमा १ वर्ष नबढाई बढीमा ३ वर्षको लागि सम्बन्धित संस्थाका प्रमुखको र डीनको सिफारिसमा कार्यकारी परिषद्बाट अध्ययन विदा स्वीकृति दिन सकिनेछ ।

४.३.३ विश्वविद्यालयका शिक्षककहरूले आफ्नो नियमित अध्यापन कार्य सम्पन्न गरी वा कक्षाभार लिने कबुलियत गरेर मात्र अध्ययन गर्नुपर्नेछ र यसरी उत्तीर्ण भएर पिएचडी कार्यक्रममा दर्ता गरेकालाई मात्र नियमानुसार अध्ययन विदाको प्रक्रिया गर्न सकिनेछ ।

४.३.३. माथिका उपदफाहरू ४.३.१. र ४.३.२. मा उल्लेख भए बमोजिमको सुविधा प्राप्त गर्न नसकेका उम्मेदवारहरूको हकमा आफूले विश्वविद्यालयलाई दिनुपर्ने दैनिक सेवालाई असर नपर्ने गरी आफै व्यवस्था मिलाई नियमित अध्ययन गर्न सक्नेछन् ।

### ४.४. शोधपत्र सुपरिवेक्षक र सह-सुपरिवेक्षक सम्बन्धी व्यवस्था ( दर्शनाचार्य कार्यक्रममा जानेको लागि मात्र)

४.४.१. अनुसन्धान समितिद्वारा हरेक दर्शनाचार्य शोधार्थीका लागि एक सुपरिवेक्षक/सहसुपरिवेक्षक नियुक्त गर्न पिएचडी परिषद्मा सिफारिस गर्नुपर्ने छ । सह-सुपरिवेक्षकको आवश्यकता ठहरिएमा अनुसन्धान समितिले सम्बन्धित सुपरिवेक्षकको र अनुसन्धान समितिको सिफारिसमा औचित्यता हेरी बढीमा एक जना सह-सुपरिवेक्षक नियुक्त गर्न सक्नेछ ।

४.४.२. सुपरिवेक्षक/सह-सुपरिवेक्षकको छनौटका आधारहरू तपसिल वमोजिम हुनेछन् :

(क) सुपरिवेक्षक : १. विद्यावारिधि उपाधि प्राप्त ग्र्याजुएट स्कुल/संकायको प्राध्यापक वा सह-प्राध्यापक वा सो पदबाट अवकास प्राप्त व्यक्ति ।

२. विद्यावारिधि उपाधि प्राप्त ग्र्याजुएट स्कुलको उपप्राध्यापक पदमा रही कम्तिमा पाँच वर्ष कार्यानुभव भएको व्यक्ति ।

३. विद्यावारिधी प्राप्त प्राध्यापक वा सहप्राध्यापक पद सरहको पदमा रहेको वा निवृत भएको सम्वन्धित विषयको विज्ञ ।

(ख) सह-सुपरिवेक्षक : १. विद्यावारिधि उपाधि प्राप्त ग्र्याजुएट स्कुल/संकायको कम्तिमा स्थायी उप-प्राध्यापक पदमा कार्यरत व्यक्ति ।

२. विद्यावारिधि उपाधि प्राप्त गरी कुनै व्यवसायिक, सरकारी वा गैर सरकारी संस्थामा कार्यरत वा सेवा निवृत्त र सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेको व्यक्ति ।

४.४.३. शोधार्थीका लागि सुपरिवेक्षक वा सह-सुपरिवेक्षकको नियुक्त गर्नु भन्दा अगावै निज सुपरिवेक्षक वा सह-सुपरिवेक्षकको स्वीकृति अनिवार्य रुपले लिनु पर्नेछ ।

४.४.४. एकजना सुपरिवेक्षकले तपसिल बमोजिमको संख्यामा शोधकार्यको सुपरिवेक्षण गर्न पाइनेछ ।

(क) प्राध्यापकको हकमा बढीमा ६ जनासम्म

(ख) सह-प्राध्यापकको हकमा बढीमा ४ जनासम्म

(ग) उप-प्राध्यापकको हकमा बढीमा २ जनासम्म

(घ) सह-सुपरिवेक्षकले बढिमा २ जना सम्म मात्र सुपरिवेक्षण गर्न पाउने छ ।

४.४.५. शोध सुपरिवेक्षक/सह-सुपरिवेक्षक नियुक्त गर्दा यदि सम्बन्धित विषयको योग्य व्यक्ति सम्बन्धित ग्र्याजुएट स्कुल वा मध्यपश्चिम विश्वविद्यालयका अन्य ग्र्याजुएट स्कुलहरूमा उपलब्धता नभएको खण्डमा स्वदेश वा विदेश स्थित अन्य विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाका सम्बन्धित विषयका विशेषज्ञ मध्येबाट नियुक्त गर्न सकिनेछ ।

४.४.६. सुपरिवेक्षक/सह-सुपरिवेक्षक परिवर्तन हुने अवस्था :

(क) सामान्यतया शोधपत्र सुपरिवेक्षक/सह-सुपरिवेक्षकको एक पटक नियुक्ती भैसकेपछि कुनै विशेष कारण विना शोधकार्य समापनपूर्व निजलाई परिवर्तन गर्न वा सुपरिवेक्षण सेवाबाट हटाउन पाइने छैन ।

(ख) सुपरिवेक्षक/सह-सुपरिवेक्षकको मृत्यु भएमा, मानसिक सन्तुलन बिग्रिएमा वा अन्य कुनै कारणबस सुपरिवेक्षण गर्न असमर्थता व्यक्त गरे वा निस्कृय देखिएमा अनुसन्धान समितिवाट परिवर्तन गर्न सकिनेछ ।

(ग) सम्बन्धित शोधार्थीले तोकिएको सुपरिवेक्षक/सह-सुपरिवेक्षकको मातहतमा रही शोधकार्य अगाडी बढाउन असर्मथता देखाएको निवेदन दिएमा अनुसन्धान समितिले छानबिन गरी परिवर्तन गर्न सक्नेछ ।

(घ) सम्बन्धित सुपरिवेक्षक/सह-सुपरिवेक्षकले विशेष कारण दर्साई तोकिएको शोधार्थीलाई सुपरिवेक्षण गर्न असर्मथता देखाउदै लिखित जानकारी दिएमा अनुसन्धान समितिबाट परिवर्तन गर्न सकिनेछ ।

(ङ) यदि कुनै सुपरिवेक्षक/सह-सुपरिवेक्षक र निजको सुपरिवेक्षणमा दर्शनाचार्य गरिरहेको शोधार्थीको विचमा प्रेम सम्बन्ध, पारिवारिक सम्बन्ध वा ब्यवसायीक र व्यवस्थापकिय लाभजन्य सम्बन्ध कायम भएको देखिएमा वा हुने अवस्था सिर्जना भएमा सम्बन्धित अनुसन्धान समितिबाट सुपरिवेक्षक/सह-सुपरिवेक्षक परिवर्तन गर्न सकिनेछ ।

### ४.५. शोधकार्य प्रगति विवरण, मूल्याङ्कन र प्रस्तुतीकरण सम्बन्धी व्यवस्था

४.५.१. शोधपत्र दर्ता तथा सुपरिवेक्षक निर्धारण भएपछि हरेक २-२ (दुई/दुई) महिनामा कार्यक्रम निर्देशक समक्ष शोधार्थीले प्रगति विवरण पेश गर्नु पर्नेछ ।

४.५.२. प्रस्तुत शोधपत्र 'मौलिक हो कहीँ कतैबाट नक्कल गरेको होइन' भनी शोधार्थीले लिखित प्रतिबद्धता जाहेर गर्नु पर्नेछ । दर्शनाचार्य शोधपत्र तयारी पश्चात मध्यपश्चिम विश्वविद्यालयले प्रयोगमा ल्याएको मौलिकताको जाँच (Test of Originality) गराउनु पर्नेछ। सो जाँचमा कम्तिमा पनि ८०% मौलिकता अनिवार्य हुनेछ। सो जाँचेको प्रमाणपत्र शोधपत्रका साथ संलग्न गर्नु पर्नेछ । प्लेजियारिजम् (Plagiarism) परीक्षणको नतिजा २० प्रतिशत भन्दा कम हुनुपर्नेछ ।

४.५.३. शोधार्थीले प्रस्तुत शोधपत्र अन्य कुनै विश्वविद्यालय वा संस्थामा कुनै उपाधि वा अन्य कुनै प्रयोजनको लागि पेश गरिएको छैन भनी लिखित प्रतिबद्धता जाहेर गर्नु पर्नेछ ।

४.५.४. शोधपत्रको भाषा, प्रस्तुतीकरण, ढाँचा र विषयवस्तु ग्र्याजुएट स्कुलले तोके बमोजिम हुनेछ ।

४.५.५. सुपरिवेक्षकको सिफारिस सहित आन्तरिक मूल्याङ्कन (Internal Evaluation) का लागि ३ प्रति शोधपत्र Loose Binding गरी सम्बन्धित अनुसन्धान समितिमा पेश गर्नु पर्नेछ ।

४.५.६. अनुसन्धान समितिले सम्बन्धित विषयका एक जना विशेषज्ञ प्राध्यापकलाई आन्तरिक मूल्याङ्कनका लागि नियुक्त गर्नेछ ।

४.५.७. आन्तरिक मूल्याङ्कन (Internal Evaluation) को समयावधि साधारणतया १ महिनाको हुनेछ र मूल्याङ्कन गर्दा उपलब्ध गराइएको मूल्याङ्कन फाराम अनुसार गर्नुपर्नेछ ।

४.५.८. आन्तरिक मूल्याङ्कनकर्ताले प्रस्तुत शोधपत्रको गुणस्तर र पूर्णताको आधारमा 'विना परिमार्जन स्वीकृत गर्न सकिने' वा 'परिमार्जन सहित स्वीकृत गर्न सकिने' वा 'स्वीकृत गर्न नसकिने' उल्लेख गरी दिईएको ढाँचामा मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्नेछ । आन्तरिक परीक्षकले शोधपत्र परीक्षण गरिसकेपछि गोप्य रुपमा दिइएको मूल्याङ्कन फाराम भरी उल्लिखित मूल्यांङ्कनका आधारहरू अनुसार अंक प्रदान गर्नुपर्नेछ ।

४.५.९. आन्तरिक परीक्षकबाट प्राप्त प्रतिवेदनमा उल्लेख भए अनुसार परिमार्जित शोत्रपत्र प्राप्त भएपछि मात्र आन्तरिक प्रस्तुतीकरणका लागि प्रक्रिया बढाइनेछ । आन्तरिक मूल्याङ्कनको सुझाव अनुसार सम्पूर्ण प्रक्रिया पुरा गरी शोधार्थीबाट परिमार्जित शोधपत्र प्राप्त भएको मितिले साधारणतया १ महिना भित्र आन्तरिक प्रस्तुतीकरण गर्न अनुमति दिइनेछ ।

४.५.१०. आन्तरिक प्रस्तुतीकरण गर्दा अनुसन्धान समितिका सम्पूर्ण सदस्यहरू, सुपरिवेक्षक, आन्तरिक मूल्याङ्कनकर्ता विशेषज्ञ, सम्बन्धि ग्र्याजुएट स्कुलका प्राध्यापकहरू र अन्य शोध कार्य गरिरहेका शोधार्थीहरूको उपस्थितिमा प्रस्तुतीकरण गराइनेछ । यसरी प्रस्तुतीकरण गराउँदा अनुसन्धान समितिका अध्यक्ष, शोध सुपरिवेक्षक र आन्तरिक विशेषज्ञको उपस्थिति अनिवार्य हुनेछ ।

४.५.११. शोधार्थीले आन्तरिक प्रस्तुतीकरणमा प्राप्त सुझावहरूलाई समावेश गरी सो शोधपत्रको अन्तिम मस्यौदा तयार गरी बाह्य मूल्याङ्कनका लागि पुनः अनुसन्धान समितिमा शोधपत्रको ५ प्रति Loose Binding गरी पेश गर्नुपर्नेछ ।

४.५.१२. अन्तिम मस्यौदा प्राप्त भएपछि अनुसन्धान समितिले प्राप्त शोधपत्रको विशिष्टीकरणका आधारमा मध्यपश्चिम विश्वविद्यालयको सेवामा नरहेका २ जना बाह्य विशेषज्ञलाई 'बाह्य परीक्षक' को रुपमा नियुक्त गरिनेछ । यसरी नियुक्त गर्दा निज विशेषज्ञहरूलाई शोधपत्रको बाह्य मूल्याङ्कनको फाराम सहित उपलब्ध गराइनेछ । बाह्य मूल्याङ्कनको समयावधि बढिमा १ महिनाको हुनेछ ।

४.५.१३. बाह्य परीक्षकले प्रस्तुत शोधपत्रको गुणस्तर र पूर्णताको आधारमा 'विना परिमार्जन स्वीकृत गर्न सकिने' वा 'परिमार्जन सहित स्वीकृत गर्न सकिने' वा 'स्वीकृत गर्न नसकिने' उल्लेख गरी दिईएको ढाँचामा मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्नेछ । बाह्य परीक्षकले शोधपत्र परीक्षण गरिसकेपछि गोप्य रुपमा दिइएको मूल्याङ्कन फाराम भरी उल्लिखित मूल्यांङ्कनका आधारहरू अनुसार अंक प्रदान गर्नुपर्नेछ ।

६.५.१४. बाह्य परीक्षक मध्ये कम्तिमा पनि १ जनाबाट सकारात्मक प्रतिवेदन नआएमा अन्तिम प्रस्तुतीकरण गराउन पाइने छैन । साथै प्रस्तुतीकरण अगावै आवश्यक सुझावहरू समावेश गरी सुधारिएको शोधपत्रको ५ प्रति Loose Binding गरी अन्तिम प्रस्तुतीकरणका लागि पेश गर्नुपर्नेछ । यसरी पेश भएको साधारणतया १ महिना भित्र अन्तिम प्रस्तुतीकरण गराइनेछ ।

४.५.१५. अन्तिम प्रस्तुतीकरण गर्दा अनुसन्धान समितिका सदस्यहरू, सुपरिवेक्षक, बाह्य विशेषज्ञ, सम्बन्धी ग्याजुएट स्कुलका प्राध्यापकहरू र अन्य शोध कार्य गरिरहेका शोधार्थीहरूको उपस्थितिमा प्रस्तुतीकरण गराइनेछ । यसरी प्रस्तुतीकरण गराउँदा अनुसन्धान समितिका अध्यक्ष, शोध सुपरिवेक्षक र कम्तिमा १ जना बाह्य विशेषज्ञको उपस्थिति अनिवार्य हुनेछ ।

४.५.१६. शोधपत्रको बचाउ वा प्रस्तुत गर्ने सम्पूर्ण जिम्मा शोधार्थीमा नै रहनेछ ।

४.५.१७.शोधार्थीले Viva-Voce मार्फत प्राप्त सुझावहरू समेत समावेस गरी सम्बन्धित सुवरीवेक्षकबाट सहमति लिई सम्बन्धित ग्याजुएट स्कुल अन्तर्गतको अध्ययन केन्द्रले निर्दिष्ट गरेको ढाँचा (Format) मा ३ प्रति शोधपत्र Binding गरी Electronic Copy सहित अनुसन्धान समितिका सदस्यहरूबाट हस्ताक्षर सहित प्रमाणीकरणका लागि पेश गर्नु पर्नेछ । पेश गरेको शोधपत्रको प्रमाणिकरण भए पश्चात १ प्रति शोधार्थीलाई नै फिर्ता दिईनेछ, १ प्रति विश्वविद्यालयको केन्द्रीय पुस्तकालयमा र १ प्रति कार्यक्रमको पुस्तकालयमा संग्रहको लागि पठाइनेछ ।

## ४.६. दर्शनाचार्य उपाधि सम्बन्धी व्यवस्था

४.६.१. शोध अन्तर्वार्ता (Viva-Voce) सफलतापूर्वक सम्पन्न भएपछि तत्काल कायम रहेको ग्याजुएट स्कुलको अनुसन्धान समितिद्वारा अस्थायी प्रमाणपत्र (Provisional Certificate) दिइनेछ र दीक्षान्त समारोह (Convocation) सम्पन्न भएपछि दर्शनाचार्य उपाधिको मूल प्रमाणपत्र दिइनेछ ।

४.६.२. दर्शनाचार्य उपाधि प्रदान गरिसकेपछि सो शोधपत्र शोधार्थीको सक्कल शोधपत्र नठहरिएमा वा सक्कल भए पनि पहिले कुनै विश्वविद्यालय वा शैक्षिक संस्थामा शोधार्थी वा अन्यत्र कुनै व्यक्तिद्वारा पेश भई उपाधि प्राप्त गरेको पाइएमा उपाधि रद्द गरिनेछ र त्यस्तो

शोधार्थीलाई पुनः दर्ता गरिने छैन । साथै निज शोधार्थीलाई भविष्यमा यस्तो कुनै पनि विधामा अध्ययन गर्न नपाउने गरी कालो सूचीमा राखिनेछ ।

## ४.७. एमफिल लिडिङ टु पिएचडी कार्यक्रममा जानको लागि समयावधि र पाठ्यभार

४.७.१. मध्यपश्चिम विश्वविद्यालय ग्र्याजुएट स्कुल अन्तर्गत एमफिल लिडिङ टु पिएचडी कार्यक्रमको समयावधि पूर्णकालीन रुपमा Course Work सहित कम्तिमा ३ वर्षको हुनेछ ।

४.७.२. एमफिल लिडिङ टु पिएचडी कार्यक्रममा १ वर्षको २४ क्रेडिटको Course Work हुनेछ ।

४.७.३. एमफिल लिडिङ टु पिएचडी कार्यक्रममा भर्ना भएको मितिले १ वर्ष भित्र Course Work सकिसक्नु पर्नेछ भने शोधपत्रको लागि पछिल्लो २ वर्षको समयमा सकिसक्नु पर्नेछ ।

४.७.४. शोधकार्यको प्रस्ताव स्वीकृत भएको अवधिदेखि अनुसन्धानको अवधि २ वर्षको हुनेछ तर सुपरिवेक्षकको सिफारिसमा अनुसन्धान समितिले थप १ वर्ष समयावधि बढाउन सक्नेछ । सो अवधिको लागि थप शुल्क लाग्ने छैन । यसरी थप भएको समय सहित कार्यक्रममा दर्ता भएको मिति देखि वढीमा ४ वर्षभित्र शोधकार्य सम्पन्न भैसकेको हुनु पर्नेछ ।

४.७.५. माथि उल्लिखित ४.७.४ अनुसार ४ वर्षभित्र शोधकार्य पुरा नगरेमा स्वतः दर्ता खारेज हुनेछ । त्यसपछि पनि शोधकार्य जारी राख्न चाहेमा पुनः दर्ताको प्रक्रिया अवलम्बन गरी निर्धारित अतिरिक्त शुल्क रु. ५०,००० सहित थप १ वर्षका लागि शोधकार्य सम्पन्न गर्न समय उपलब्ध गराइनेछ । यसरी वढीमा २ पटक मात्र समय थप गर्न मिल्नेछ र प्रत्येक पटक तोकिएको अतिरिक्त शुल्क लाग्नेछ । यसरी विद्यावारिधि कार्यक्रममा दर्ता भएको ४ वर्ष पछि १/१ वर्षका दरले २ वर्ष समय थप गर्दा ग्र्याजुएट स्कुलको अनुसन्धान समितिको सिफारिसमा प्राज्ञिक परिषद्‌बाट निर्णय गर्नु पर्नेछ । यस प्रक्रिया अन्तर्गत Course Work भने पुनः गर्नुपर्ने छैन ।

४.७.६. विद्यावारिधि शोधकार्यको बचाऊ (Defense) र उपाधिको लागि स्वीकृति पश्चात मात्र सम्बन्धित विषयमा विद्यावारिधि कार्यक्रम पूरा गरेको प्रमाणपत्र दिइनेछ ।

## ४.८. पिएचडी कार्यक्रमको शोधपत्र सुपरिवेक्षक र सह-सुपरिवेक्षक सम्बन्धी व्यवस्था

४.८.१. अनुसन्धान समितिद्वारा हरेक विद्यावारिधि शोधार्थीका लागि एक सुपरिवेक्षक नियुक्त गर्नुपर्नेछ । सह-सुपरिवेक्षकको आवश्यकता ठहरिएमा अनुसन्धान समितिले सम्बन्धित सुपरिवेक्षकको सिफारिसमा औचित्य हेरी बढीमा एक जना सह-सुपरिवेक्षक नियुक्त गर्न सक्नेछ ।

४.८.२. सुपरिवेक्षक/सह-सुपरिवेक्षकको छनौटका आधारहरू तपसिल वमोजिम हुनेछन् :

(क) सुपरिवेक्षक : १. विद्यावारिधि उपाधि प्राप्त सम्बन्धित ग्र्याजुएट स्कुल/संकायको प्राध्यापक वा सह-प्राध्यापक वा सो पदबाट अवकास प्राप्त व्यक्ति ।

२. विद्यावारिधि उपाधि प्राप्त सम्बन्धित ग्र्याजुएट स्कुल/संकायको उपप्राध्यापक पदमा रही कम्तिमा पाँच वर्ष कार्यानुभव भएको व्यक्ति ।

३. विद्यावारिधी प्राप्त प्राध्यापक वा सहप्राध्यापक पद सरहको पदमा रहेको वा निवृत भएको सम्वन्धित विषयको विज्ञ ।

(ख) सह-सुपरिवेक्षक : १. विद्यावारिधि उपाधि प्राप्त सम्बन्धित ग्र्याजुएट स्कुल/संकायको कम्तिमा सह-प्राध्यापक पदमा कार्यरत व्यक्ति ।

२. विद्यावारिधि उपाधि प्राप्त सम्बन्धित ग्र्याजुएट स्कुल/संकायको उपप्राध्यापक पदमा रही कम्तिमा पाँच वर्ष कार्यानुभव भएको ।

३. विद्यावारिधि उपाधि प्राप्त गरी अन्य कुनै विश्वविद्यालय वा सरकारी वा गैह्र सरकारी सेवामा रहेका वा सेवा निवृत्त भएका प्रतिस्ठित विज्ञ व्यक्ति ।

४.८.३. शोधार्थीका लागि सुपरिवेक्षक वा सह-सुपरिवेक्षकको नियुक्त गर्नु भन्दा अगावै निज सुपरिवेक्षक वा सह-सुपरिवेक्षकको स्वीकृति अनिवार्य रुपले लिनु पर्नेछ ।

४.८.४. एक जना सुपरिवेक्षकले एकपटकमा तपसिल बमोजिमको संख्यामा शोधकार्यको सुपरिवेक्षण गर्न पाइनेछ ।

(क) प्राध्यापकको हकमा वढीमा ४ जनासम्म

(ख) सह-प्राध्यापकको हकमा बढीमा ३ जनासम्म

(ग) उप-प्राध्यापकको हकमा १ जना मात्र

(घ) सह-सुपरिवेक्षकले एकपटकमा १ जना सम्म मात्र सुपरिवेक्षण गर्न पाउनेछ ।

४.८.५. शोध सुपरिवेक्षक/सह-सुपरिवेक्षक नियुक्त गर्दा यदि सम्बन्धित विषयको योग्य व्यक्ति ग्र्याजुएट स्कुल वा मध्यपश्चिम विश्वविद्यालयका अन्य ग्र्याजुएट स्कुलहरूमा उपलब्धता नभएको खण्डमा स्वदेश वा विदेश स्थित मध्यपश्चिम विश्वविद्यालयले MOU हस्ताक्षर गरेका अन्य विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाका सम्बन्धित विषयका विशेषज्ञ प्राध्यापकहरू मध्येबाट नियुक्त गर्न सकिने छ ।

४.८.६. सुपरिवेक्षक/सह-सुपरिवेक्षक परिवर्तन हुने अवस्था :

